# पहिलो गुरु को हुन् ?



- भिक्षु अश्वघोष

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# पहिलो गुरु को हुन् ?



– भिक्षु अश्वघोष

Downloaded from http://dhamma.digital

*प्रकाशक :*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

**श्रीघः नघः टोल, काठमाडौं**

**फोन नं. २५९४६६**

*प्रथम संस्करण :* १५०० प्रति

**बुद्ध सम्बत्** : २५४४

**नेपाल सम्बत्** : ११२०

**बिक्रम सम्बत्** : २०५७

**इस्वी सम्बत्** : २०००

*मुद्रक :*

**न्यू नेपाल प्रेस**

अफिस :

शुक्रपथ, न्यूरोड, काठमाडौं

फोन : २५९०३२, २५९४५०

फ्याक्स : (९७७-१) २५८६७८

प्रेस :

नक्साल, नागपोखरी

काठमाडौं

फोन : ४३४८५०, ४३४७५३

Dhamma.Digital



# स्व. मायादेवी स्थापित

जन्म : वि.सं. १९७५ पौष शुक्ल अष्टमी

मृत्यु : वि.सं. २०५६ असार १९ गते पञ्चमी

Downloaded from http://dhamma.digital

# धर्मदान

यो संसार अनित्य, दुःख र अनात्मले भरिएको छ यही सत्य ज्ञानलाई बुद्धले हाम्रो सामु राख्नु भएको छ। यस्तो स्वभावले भरिएको संसारबाट मुक्त हुनका लागि शील, समाधी, र प्रज्ञारुपी बाटो पनि बुद्धलेनै बताउनु भएको छ। हाम्रो दिवंगत आमा **मायादेवी स्थापितले** पनि उहांको जीवितकालमा बुद्धको यस शिक्षालाई अनुकरण गर्दै आउनु भएकी थिइन्। हामी सानै छंदा हाम्रा आमा धेरै विरामी भई औषधीले नै नछोएकोले एकजना कल्याणमित्रले योगरत्न गुरुकहां लगी ध्यान भावना गराउनु भएछ। फलस्वरुप उहांको रोग निको भएछ। यही कारणले गर्दा पनि होला हाम्री आमाले पनि अटूट रुपमा ध्यान भावना गर्ने, विहारमा गई बुद्ध पूजा गर्ने, धर्म देशना सुन्ने र घरमा फर्कि हामीलाई समेत उक्त धर्मदेशना सुनाउने गर्नु हुन्थ्यो।

यही संस्कारले होला हाम्री आमा विरामी पर्नु हुंदा पनि भिक्षु भिक्षुणीहरु बोलाई परित्राण पाठ गराउने, धर्म देशना सुन्ने र दान प्रदान आदि गर्नु हुन्थ्यो। यति गरेपछि मात्र रोग सञ्चो भएको महशूस गर्नुहुन्थ्यो।

हाम्री आमाको नाम मायादेवी भए जस्तै उहांले हामीलाई त्यत्तिकै माया गरी बुद्धको अमूल्य शिक्षा प्रति हाम्रो मनमा श्रद्धाको छाप छोडेर जानु भयो। त्यसैले आमाको कृतज्ञ गुणलाई सम्भना गर्दै आमा बुबाको

Downloaded from http://dhamma.digital

गुण विषयमा उल्लेख गरिएको "पहिलो गुरुको हुन ?" नाम गरेको पुस्तक धर्मदानको रुपमा तपाईहरुको सामु प्रस्तुत गर्दैछौं ।

मिति २०५६ चैत्र २७ गत

धर्मदान गर्ने व्यक्तिहरु

| | |
|---|---|
| छोराहरु | देब रत्न स्थापित |
| | काजि रत्न स्थापित |
| छोरी | लक्ष्मीहिरा स्थापित |
| बुहारी | नीलमशोभा स्थापित |
| नातीहरु | निलेश रत्न स्थापित |
| | निरण रत्न स्थापित |

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

“पहिलो गुरु को हुन ? यस पुस्तक धर्मकीर्ति प्रकाशनबाट नेपाली भाषामा प्रकाशित पुस्तकहरु मध्ये ५८ औं पुस्तकको रुपमा प्रकाशित भएको छ । यस पुस्तक “न्हापांयाम्ह गुरु सु ? नामबाट नेपाल भाषामा प्रकाशन भइसकेको पुस्तक हो । नैतिक शिक्षाले भरिएको यस पुस्तकलाई पाठकवर्गले बढी रुचाएको हुनाले हाल नेपाली भाषामा अनुवाद गरी प्रकाशन गरिएको हो । आशा छ, यस पुस्तक अध्ययन गरी थुप्रै पाठकवर्गले आ आफ्नो जिम्मेवारी र कर्त्तव्यलाई निभाउन सक्षम भई जीवन सुखमय बनाउन सक्नेछन् ।

धमकीर्ति विहारबाट हालसम्म प्रकाशित पुस्तकहरु श्रद्धाजु दाताहरुले प्रदान गर्नु भएका चन्दा सहयोगबाट नै प्रकाशित भइरहेका छन् । यसरी नै भिक्षु अश्वधोष महास्थविरदारा लिखित यस पुस्तक पनि स्व. मायादेवी स्थापितको पुण्य स्मृतिमा उहांको छोराहरु देबरत्न स्थापित, काजिरत्न स्थापित र छोरी लक्ष्मीहिरा स्थापित प्रमुख सपरिवारले आवश्यक आर्थिक सहयोग प्रदान गर्नु भई प्रकाशन गर्नु भएको हो । आफ्नो दिवंगत आमाको कृतज्ञ गुणलाई स्मरण गरी यस शिक्षाप्रद पुस्तक प्रकाशनको लागि आवश्यक आर्थिक

Downloaded from http://dhamma.digital

सहयोग प्रदान गरी धर्मदान गर्न हुने सपरिवारलाई आयु आरोग्य कामना गर्दै धन्यवाद दिन चाहन्छु ।

२७ चैत्र २०५६

धम्मवती
धर्मकीर्ति बिहार

Downloaded from http://dhamma.digital

# भूमिका

यस पुस्तकको नाम "पहिलो गुरु को हुन् ? हो । आजभोली हाम्रो समाजको गिर्दै गएको नैतिकतालाई महशूस गरी कतिपय बुद्धिजीविहरुले मलाई आमा बुबाको महत्व र आमाबाबु प्रति छोराछोरीहरुले गर्नु पर्ने कर्त्तव्य बारे टोलटोलमा प्रवचनदिनको लागि अनुरोध गरेका थिए । उनीहरुले यस विषयमा सकेसम्म पुस्तक नै लेखेर जनमानसमा प्रचार गर्नको लागि विशेष आग्रह पनि गरेका थिए । मेरो विचारमा पनि यस आग्रह ठीक लाग्यो । तर मलाई भने आफ्नो मातृभाषामा मात्र लेख्न सजिलो भएकोले र साथै काठमाडौं उपत्यकामा नेवार जनसमुदाय नै धेरै भएकोले १०,१५ वर्ष महिले नै मैले " न्हापां याम्ह गुरु सु ? नामबाट यस बिषयमा नेपाल भाषामा पुस्तक छापें । यही पुस्तक पाठकहरुको माग अनुसार ३ पटक सम्म पनि छापी प्रचार गरियो ।

तर हाल नेपालभाषा नबुझ्ने (उपत्यका बाहिरका गुरुड० थारु र मगर आदि) व्यक्तिहरुले पनि यस्तो नैतिक शिक्षाले भरिएको, सान्दर्भिक र उपयोगी, शिक्षाप्रद पुस्तक त नेपाली भाषामा पनि लेखेर प्रचार गर्नु पर्ने भन्दै माग गर्न थाले । यी माग र अनुरोधलाई दृष्टिगत गरी मैले यस पुस्तकलाई नेपालीमा लेखेर प्रचार गर्ने विचार गरें । तर एक पटक पुस्तकको रुपमा

Downloaded from http://dhamma.digital

छाप्दा एक हजार, पन्ध्रसय प्रति मात्र छापिन्छ । त्यसैले मैल दृष्टि साप्ताहिक अखबारमा लेखको रुपमा लेखेर प्रचार गर्न शुरु गरें । किनभने दृष्टि पत्रिका त दशौं हजार प्रति छापिन्छन् र राष्ट्रव्यापी रुपमा कुना काप्चामा समेत पुग्ने गर्छ । थुप्रै व्यक्तिलेरुचि लिएर पढ्ने साप्ताहिक पत्रिका हो यो । मेरो यस धार्मिक र नैतिक शिक्षा सम्बन्धि लेख छापिदिनु भएकोमा दृष्टि साप्ताहिक पत्रिकाका सम्पादक श्री शम्भु श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु ।

अब प्रश्न आयो पुस्तकको रुपमा छाप्ने बारे । मैले यस बिषयमा नेपाली भाषामा पुस्तक छाप्न चाहेको पनि थिएं र यसको लागि आवश्यक आर्थिक स्रोतको लागि कल्पना गर्दै थिएं । यसै बेला श्री काजि रत्न स्थापित र लक्ष्मी हिरा स्थापितले उहांहरुको दिवंगत माता मायादेवी स्थापितको पुण्य स्मृतिमा पुस्तक छाप्न चाहेको इच्छा पोख्न म कहां आउनु भयो । मैले दृष्टि साप्ताहिकमा छापिएको लेखको संकलन उहांहरुको समक्ष राखिदिएं । लेख संकलन पढीसकेपछि उहांहरुलाई मन परेछ र फलस्वरुप यहि शिक्षाहरु पुस्तकको रुपमा छाप्ने इच्छा प्रकट गर्नु भयो ।

धर्मकीर्ति बिहारका उपासक उपासिका रहनु भएका उहांहरु धर्मकीर्ति विहारकी गुरुमां कुसुम संगै म कहां आइ यस बिषयमा कुराकानी गर्नु भए अनुसार आज पाठकहरु समक्ष यस पुस्तक प्रस्तुत गर्न पाइरहेको

Downloaded from http://dhamma.digital

छु । अतः धर्मकीर्ति विहारका प्रमुख धम्मवती गुरुमां र पुस्तक प्रकाशनार्थ आवश्यक चन्दा प्रदान गर्नु हुने श्री काजि रत्न स्थापित र लक्ष्मी हिरा स्थापित परिवारको दीर्घायु र सुस्वास्थ्य कामनाका साथै कृतज्ञता पनि प्रकट गर्न चाहन्छु । उहांहरुले यसरी आफ्नो दिवंगत आमा मायादेवीको पुण्य स्मृतिमा पुस्तक छापेर धर्मदान गर्नु नै एक प्रकारको सही श्राद्ध हो ।

बैशाख १, २०५७ भिक्षु अश्वघोष

संघाराम

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# पहिलो गुरु को हुन् ?

संसारमा कतै नदेखिने राम्रा राम्रा संस्कृति नेपालमा छन् । त्यो के हो भनें आमा–बाबुको गुणको स्मरण गरी मुख हेर्ने चलन । त्यसैलाई मातातीर्थ र गोकर्ण औंसी भनिन्छ । त्यो दिन बाबुको मुख हेर्ने दिन हो । जापानमा पिता दिवस भन्ने चलन छ रे । तर हामीकहां जस्तो होइन । हामीकहां आमा–बाबु दुवैको मुख हेर्ने चलन छ

बौद्ध साहित्य अनुसार पुण्य क्षेत्रहरु चारवटा छन् अर्थात् सम्मान गर्न योग्य व्यक्तिहरु चार जना छन् । ती हुन् १. बुद्ध, २. बुद्ध श्रावक संघ, ३. आमा–बाबु र ४. गुरु ।

बुद्धको जन्म दुर्लभछ बुद्ध जन्मेपछि बुद्ध श्रावकको पनि उत्पिति हुन्छ । तर आमा–बाबु त घरैपिच्छे हुन्छन् । त्यसैले आमा–बाबुको सेवा गरेर पुण्य रोपेर पुण्य क्षेत्र बनाउन सकिन्छ ।

साधारण गुरुजन दश जनाभन्दा सदाचार धर्म सिकाउने शिक्षक (गुरु) एकजना उत्तम हुन्छ । धर्म शिक्षा

Downloaded from http://dhamma.digital

दिने सयजना गुरुभन्दा एकजना बुबा उत्तम हुन्छ एक हजार पिताभन्दा शिक्षित एकजना आमा उत्तम हुन्छ भन्ने कुरा धर्मग्रन्थमा उल्लेख छ।

मेरो छोरा, छोरी भनी माया ममता गर्न हुनाले, आफ्ना बच्चाहरुको सेवा गर्ने भएकोले आमा भन्ने नाउं भएको र कहलिएको हो। बच्चाहरुलाई खाना, कपडा र बस्ने ठाउं प्रबन्ध गरेर रक्षा गर्ने भएकोले अभिभावकलाई पिता भन्ने गरिन्छ। यसरी अध्ययन गर्दाखेरी माता–पिता शब्द अर्थसहित भएको जस्तो देखिन्छ।

धर्मग्रन्थमा लेखिएअनुसार ब्रह्माद्वारा सकल प्राणीप्रति मैत्री, करुणा, मुदिता (प्रसन्नता) उपेक्षा (तटस्थता) यी चार धर्म फैलाइन्छ रे। तर गौतम बुद्धको भनाइअनुसार आमा–बाबु नै ब्रह्म हुन्। आमा–बाबुले चारा देखिने गरी आफ्ना छोराछोरीप्रति उत्तम व्यवहार मैत्री, करुणा, मुदिता र उपेक्षा व्यवहार देखाएको हुन्छ। त्यसैले आमा–बाबु नै ब्रह्म हुन, श्रृष्टिकर्ता पनि हुन्।

जब आमाको गर्भमा बच्चा बास बस्ने गर्छ त्यसै दिनदेखि आमाले अंगपूर्ण भएको बच्चा कहिले देख्ने पाइएला, जन्मिदाखेरी हृष्टपुष्ट भएको निरोगी बच्चा देख्न

Downloaded from http://dhamma.digital

पाउं भन्ने आशा गरिरहिन्छ । उनी गर्भवती भएदेखि नै होशियार भएर जथाभावि खाना खांदैनन् । धेरै पिरो खायो भने गर्भमा भएको बच्चालाई असर पर्छ अनि जथाभावि चल्न हुंदैन भनेर चल्दैनन् । लापरवाही भइकन चलेर, खाना खाएको परिणाम गर्भपतन पनि हुन सक्छ । लापरवाहीका कारण अंगभंग भएको, अन्धो बच्चा जन्मन सक्छ । तसर्थ गर्भवती आमाले लापरवाही भई चल्दैनन् र खानपान पनि गर्दैनन् । किनकि बच्चालाई केही दुःख र पीडा नहोस् भनेर चिन्तन गरिरहन्छन् । यसैले आमा बच्चाप्रति कति माया ममता राख्छिन् र मैत्रीचित्त भएकी हुन्छिन् भन्ने कुरा देखाउंछ

आमा–बाबुले जव बच्चा जन्मिन्छ तबदेखि बच्चालाई केही दुःख, कष्ट, भय नहोस् भनी चिन्तन गरिरहन्छन् । बच्चालाई केही भएको खण्डमा आमा–बाबुको हृदय नै कम्पित हुन्छ । बच्चालाई दुःख, कष्ट, र रोग हुंदाखेरि दुःखित भइरहन्छन् । बच्चालाई संचो छैन भने रोगबाट मुक्त गर्न प्रयत्नशील हुन्छन् । जे कष्ट सहन पनि तयार हुन्छन् ।

म एकजना आमाले आफ्नो छोरीको सेवा गरेको घटना प्रस्तुत गर्न चाहन्छु ।

Downloaded from http://dhamma.digital

छोरी साह्रै विरामी परिन् । आधा शरीर चाहिं प्राणै छैन जस्तो भयो । उनी अगाडी आउने सबैलाई र आमालाई पनि गाली मात्र गरिरहन्थिन् । अरु भन्थे. यो विरामी बांच्दैन । तर आमालाई दृढ विश्वास थियो – छोरीको रोग निको हुन्छ । छोरीको रोग निको नपारीकन छोडदै छोडदैन । दुई तीन बर्षसम्म छोरीप्रति मैत्री र करुणा चित्तले सेवा गरेर निको पारिन् । आफ्नी छोरीले जति गाली गरे पनि दु:ख दिए पनि दिक्क नमानीकन आफ्नो सेवा सफल पारेर छाडिन् । यो सांच्चिको घटना हो । धन्य छ आमाको मायाममता ।

आमा–बाबु आफ्नो ध्यान बच्चाहरुको पालनपोषण गर्नमै लगाउंछन् । बच्चाले काखमा दिशा पिसाव गरे पनि घृणा नगरी सफा गर्छन् । हालसालै काठमाडौंको जडीबुटी प्रशोधन केन्द्र अगाडी एकजना युवकलाई राक्षसी प्रवृत्तिका अज्ञात व्यक्तिहरुले मरणासन्न हुने गरी कुटे । त्यो युवकले मेरो दुइटा बच्चा छ मलाई नमार भन्यो । तर त्यस युवकलाई कसैले बचाएन । मर्ने बेलामा पनि बच्चाहरुको पीर लिएर प्राण छोड्यो । अरुको बच्चा रोइरहेको देखेर बच्चाको आमालाई माया लाग्छ, हृदय कम्पन हुन्छ । आफ्नो बच्चाको सम्झना हुन्छ ।

Downloaded from http://dhamma.digital

बच्चाले सबैभन्दा पहिले आमा, मां भन्न थालेको सुन्नासाथै आमा–बुबा खुवै खुशी हुन्छन् । बच्चा स्कूलमा गएर राम्रोसंग पढेर प्रथम श्रेणीमा उत्तीर्ण भएको खवर सुन्नासाथै हाम्रो छोराछोरीहरु ज्ञानी भएकोले संधै जांचमा पास हुन्छन् भनी खूव खुशी हुन्छन् । यो आमा–बाबुमा भएको मुदिता गुण हो ।

छोराछोरीहरु जव ठूलो हुन्छन्, विवाह गरेर रोजगार प्राप्त भएपछि आमा–बाबुहरु छक्क हुन्छन्– उनीहरु आफ्नो खुट्टामा उभिन पुगेका छन् भनेर । अब पीर छैन । बालक अवस्थामा जति माया ममता हुन्छ ठूलो भएपछि उपेक्षा भाव हुन्छ । तटस्थ भाव हुन्छ ।

## घरमा परम मित्रनै आमा हुन्

आमा–बाबुले बालककालदेखि आफ्ना छोराछोरीहरुलाई रेखदेख गर्ने मात्र होइन, राम्रा राम्रा कुरा सिकाउंछन् । खाना यसरी खानु पर्छ । लुगा यसरी लाउनुपर्छ । जथाभावि चल्नु हुंदैंन । नराम्रो ठाउंमा जानु हुंदैन । राम्रा साथीहरुको संगत गर्नुपर्छ इत्यादि कुराहरु सिकाउंछन् । त्यसैले पहिलो स्कूल नै घर हो । पहिलो गुरु नै मातापिता नै हुन् ।

Downloaded from http://dhamma.digital

बुद्धले त यहांसम्म भन्नुभएको छ कि छोराछोरीहरुको लागि धरको परम मित्र त आमा हुन्– “माता मित्तं सके घरे” अर्थात धरमा सांच्चिको साथी आमा हुन् । त्यसैले आमा बुबा भएको घर पुण्यक्षेत्र हो । हामीले सुनिरहेका छौं आमा–बाबुको छत्रछायांमा हुर्केका बच्चाहरु ठीक हुन्छन् । त्यसैले आमा–बाबु नै संसारमा पूजा गर्न योग्य व्यक्ति हुन् । माननीय हुन् ।

आमा बुबाहरुको गुण अनन्त छ । एकचोटी भिक्षुहरुलाई गौतम बुद्धले भन्नुभएको छ– बहुकारा भिक्खवे मातापितरो पुत्तानं आपादका पोसका इमस्स लोकस्स दस्सेतारो अर्थात् छोराछोरीहरुलाई आमा–बाबुले जस्तो उपकार गर्ने अरु कोही छैनन् । आफूले नखाइकन बाबु–आमाले छोराछोरीलाई खुवाउंछन् । आफूलाई पर्याप्त खाना नपुगे पनि छोराछोरीलाई स्कूलमा पठाउंछन् खेत बेचेर भए पनि आफ्ना छोराछोरीलाई पढाउंछन् ।

त्यसैले आमा–बाबुको गुण अनन्त छ । आमा बाबुको ऋणबाट मुक्त हुन सजिलो छैन । तै पनि छोराछोरीहरुले आमा–बाबुप्रति पांच प्रकारले सेवा गर्न सक्छन् ।

Downloaded from http://dhamma.digital

१. आमा–बाबुले खाना ख्वाई, नुहाई, मलमूत्र सफा गरी, दुःखकष्ट सही हुर्काएकोले बुढाबुढी भएका आफ्ना आमा–बाबुहरुको यथाशक्ति सेवा गर्न हाम्रो कर्तव्य हो ।

२. आमा–बाबुले गर्दै आइरहेको राम्रो काम कारवाही अवस्थाअनुसार गर्दै जानुपर्छ । आमा–बाबुको केही राजकार्य गर्नुपर्ने काम हुन सक्छ अथवा वाहिर गएर गर्नु पर्ने हुन सक्छ त्यस्तो अवस्थामा अल्छी नमानीकन आफै गएर भेटधाट गरेर आमा–बाबुका इच्छा पूरा गरिदिनु पर्छ । यस्तो काम गरिदिनु परम कर्तव्य पनि हो ।

३. आमा–बाबुले आफ्नो कुलको इज्जत जसरी थामी आएका छन् त्यसरी राम्रा राम्रा काम गरेर समाज सेवामा लागेर राम्रो परम्परालाई कायम गरी सम्पत्तिको रक्षा गरेर सदुपयोग गर्नु पनि छोराछोरीको कर्तव्य हो । कसैले अहित हुने योजना वा कुरा ल्यायो भने त्यसलाई अस्वीकार गर्नुपर्छ ।

४. आमा–बाबुको सम्पत्तिको उत्तराधिकारी बन्न योग्य हुनुपर्छ । आमा–बाबुको मर्यादालाई नमानीकन लापरवाही र अटेरी बनेको खण्डमा त्यस्ता छोराछोरीलाई

Downloaded from http://dhamma.digital

अंश नपाउने गरी योजना बनाउन सकिन्छ । त्यसैले आज्ञाकारी बनी आमा–बाबुप्रति कर्तव्य पालन गर्न सक्नु पर्छ । आमा–बाबुको चित्त दुखाउनु हुंदैन । आमा–बाबुको आज्ञानुसार राम्रो काम गरिरहनु पनि आमा–बाबुको सेवा नै हो ।

५. दिवंगत हुनु भएका आमा–बाबुको पुण्यस्मृतिमा दान, दक्षिणा र समाजसेवाको काम समय समयमा यथाशक्ति गरिदिनुपर्छ । दिवंगतहरुको पुण्यस्मृतिमा स्कूल बनाउने, जग्गा दान दिने, धार्मिक पुस्तकहरु छापेर दान गर्ने आदि कामहरु गरिदिनु ठूलो श्राद्ध हो ।

पहिलेको चारवटा कुरा आमा–बाबु बांचुन्जेल गर्नु पर्ने कर्तव्य हो भने यो पांचौं चाहिं दिवंगतहरुको नाउंमा गर्नुपर्ने कर्तव्य हो । उपर्युक्त कर्तव्यहरु छोराछोरीहरुले गरेनन् भने अरुले फलनाले आमा बाबुहरुलाई साह्रै दुःख दियो भन्छन् र समाजमा तिनीहरु घृणाका पात्र बन्छन् । आमाबाबुको आज्ञा नमान्नेहरुलाई अरुले विश्वास गर्दैनन् आफूमा शक्ति हुंदाहुंदै पनि आमा बावुको पालनपोषण गरेन भने त्यो व्यक्ति पतन हुन्छ ।

यो मातरं वा पितरं वा जिण्णकं गत योब्बनं

Downloaded from http://dhamma.digital

पहु सन्तो न भरति तं पराभवतो मुखं ।

यो गाथा अनुसार यदि कसैले आफूमा शक्ति छंदा छँदै बुढाबुढी आमा–बाबुको सेवा गरेन भने त्यो पतनतिर जान्छ ।

वसल सूत्रअनुसार (तंजञ्ञा वसलोइति) आमाबाबुको पालनपोषण नगर्नेहरु चण्डाल हुन् ।

आमा–बाबुको सेवा गर्नेहरु दिन प्रतिदिन उन्नति पथतिर लम्किन्छन् । किन भने आमाबाबुहरु खुशी भएर आशीर्वाद दिन्छन् । शुद्ध मनले आमा बाबुको सेवा गर्दाखेरी आशीर्वाद प्राप्त हुन्छ ।

गौतम बुद्धले एकचोटी महानाम शाक्यलाई भन्नुभएको थियो – मातापितानुकम्पितस्स महानाम, कुलपुत्तस्स वुद्धियेव पाटिकंखा परिहानि अर्थात् महानाम ! आमा–बाबुको आशीर्वाद पाउने कुलपुत्रहरु उन्नतितिर लम्किन्छन् , पतन हुँदैनन् ।

यहांसम्म आमाबाबुको सेवा गर्नु पर्ने अनि गुण र उपकारको मात्रै चर्चा गरियो । तर बुद्धले भन्नुभएको छ

Downloaded from http://dhamma.digital

– आमा बाबुले गर्नुभएको उपकारको प्रत्युपकारको लागि खाना खुवाउने र सेवा मात्र गर्नाले कर्तव्य पूरा हुँदैन ।

# आमा बाबुप्रति गर्नुपर्ने कर्तव्य

आमा–बाबुले छोराछोरीलाई अनेक दुःख गरी हुर्काएका हुन्छन् । त्यसैले छोराछोरीहरु आमा बाबुको ऋणी हुन् । त्यो ऋणबाट मुक्त हुनको लागि खाना खुवाएर सेवा गरेर मात्र पुग्दैन । आमाबावुको सो ऋणबाट मुक्त हुने निम्न चार विधि छन् :–

- यदि कसैको आमा–बाबु अशिक्षित र केही ज्ञान नभएका छन्, अर्थात् समभ्रूदारी नभई धर्ममा पनि श्रद्धा छैन भने दृष्टि ठीक पारिदिनुपर्छ । अर्थात पुरानो कुसंस्कार र अन्धविश्वासलाई परिवर्तन गराई राम्रो संस्कार बसाइदिनु पर्छ ।

- यदि कुनै आमा बावुहरु दुराचारी हुन् भने उनीहरुलाई सदाचारी बनाइदिनु पर्छ ।

Downloaded from http://dhamma.digital

- कुनै कुनै मातापिता कन्जुस स्वभावका हुन सक्छन् । उनीहरुमा त्याग, चेतनाको अभाव हुन सक्छ । त्यस्ता स्वभावका आमा बाबुहरुमा त्याग, चेतना जगाई त्यागी बनाईदिनुपर्छ ।

- मुर्ख अथवा अज्ञानतामा परी केही नजानेका आमाबावुमा ज्ञान हासिल गराइदिनुपर्छ ।

माथि उल्लेखित चार कार्य गर्न सके मात्र आमाबाबुको ऋणबाट मुक्त हुन सकिन्छ । यसले के बुझिन्छ भने आमा–बाबुले भनेको सबै कुरा ठीक र अनुकरण गर्न लायक हुन्छन् भन्ने छैन । किनभने अशिक्षित आमाबाबुहरुको पुरानो संस्कार उपयुक्त हुंदैन । अर्को भाषामा भनुं भने आजको युगमा उनीहरुको पुरानो विचार उपयुक्त र योग्य छैन र सुहाउंदैन पनि । त्यसैले आमाबावुको सेवा गर्न असल छोराहरुले केवल खान र लाउन दिएर मात्र पर्याप्त हुंदैन । आफ्ना मातापिताको नराम्रो चरित्र सुधार्नु र राम्रो बाटोमा लगाइदिएर शिक्षित बनाइदिनु आवश्यक छ ।

Downloaded from http://dhamma.digital

उदाहरणका लागि बुद्धका अग्रश्रावक सारिपुत्र महास्थविरको समयमा भएको घटना प्रस्तुत गर्दछु –

सारिपुत्र ब्राह्मणीको छोरा थिए । उनको आमा सारिब्राह्मणी कट्टर र ईश्वरभक्त थिइन् । साथै अति अन्धविश्वासी पनि थिइन् ।

यता सारिपुत्र भिक्षु बुद्धको शिष्य भएदेखि सम्यक् दृष्टिका भए । मतलव उनी संकुचित विचारका थिएनन् आमाको दृष्टिभन्दा विपरित स्वभाव भएकोले सारिपुत्रलाई उनकी आमाले कूलनाशक, पशु भनी गाली गर्दथिन् । किनभने उनको आमा कट्टर ब्रह्मभक्ति थिइन् सारिपुत्र भिक्षु बनेपछि ईश्वर र ब्रह्म भक्ति गर्न आस्था छोडी आचरण शुद्धि अर्थात् चरित्र सुधार गर्नेतिर लागेका थिए उनले अन्धविश्वासलाई बिलकुल छोडिदिए । फेरी अविवाहित भएकोले सारि ब्राह्मणीले आफ्नो सारिपुत्रलाई कुलनाशक भनी गाली गर्दथिन् ।

धेरै वर्षपछि सारिपुत्रको आयु क्षय भएर आयो । परिनिर्वाण (फेंरी जन्म नलिने गरी हुने मृत्यु) हुने समय भयो । सारिपुत्रले विचार गरे– म त आध्यात्मिक उन्नति गरेर अरहन्त (निर्दोष) व्यक्ति भइसकें । मेरो लागि गर्नु पर्ने केही छैन । तर मेरी आमाको दृष्टि ठीक छैन ।

Downloaded from http://dhamma.digital

अशिक्षित स्वभाव जस्ताको त्यस्तै छ। त्याग, चेतना पनि छैन। कंजुसीपन र हुदय संकुचित छ। आमाको त्यस्तो दृष्टि देख्दा देख्दै मर्न ठीक छैन। आमाप्रति गर्नुपर्ने मेरो कर्तव्य पुरा भएको छैन। त्यसैले म घरमा गएर पहिले आमाको कुदृष्टिलाई ठीक पारेर मात्र मर्छु। त्यस्तो विचार गरी सारिपुत्र सिधै आफ्नो घर गए। आमाले त गाली गर्न थालिन् मर्ने बेलामा कुलंगार घर आइ पुग्यो भनेर। अब चिवर वस्त्र छोडेर घरमा बस्ने त होला।

सारिपुत्र आफू जन्मेको कोठामा गए। उनको अन्तिम अवस्था भयो भनी समाचार फैलियो। ठूलठूला राजा, महाराजाहरु, मन्त्री, साहु महाजनहरु उनको अन्तिम दर्शन गर्न आइपुगे। कुनै कुनै ब्राह्माको भेषधारी पनि आएर शिर झुकाएर नमस्कार गर्न थाले। यो सवै दृष्य सारि ब्राह्मणीले दैलोमा बसी हेरिरहन्। अन्तमा उनले आश्चर्य मानी सोधिन्–छोरा भर्खर यहां आएर नमस्कार गरेर गएका को हुन ?

सारिपुत्र महास्थविले भने– राजा, महाराजाहरु र ब्रह्मा पनि आउनु भएको थियो। सारि ब्राह्मणीले फेरी सोधिन्– छोरा उनीहरुभन्दा तिमी ठूलो छौ ? उनले भने मभन्दा धेरै तल्लो दर्जाका छन् उनीहरु। त्यसैले त सम्मान गरेर गए। ब्रह्मा भन्दा पनि तिमी माथि छौं ?

Downloaded from http://dhamma.digital

ठूलो छौं ? त्यसपछि सारि ब्राह्मणीको हृदय परिवर्तन भइन् र भनिन् छोरा तिमी त्यत्रो ठूलो पदमा पुगेको मलाई थाहा भएन । तिमी नरिसाउनु है । त्यसपछि सारिपुत्रले भने–अबदेखि तपाई मिथ्यादृष्टि छोडी सम्यकदृष्टिमा लाग्नु परेको छ आमा । त्यसैको लागि म घरमा आएको हुं । आमाको हृदय परिवर्तन भयो र सम्यक् दृष्टिमा परिणत भइन् । त्यसपछि सारिपुत्रको मृत्यु भयो । यस घटनाले स्पष्ट हुन्छ आमा बाबुको पुरानो कुसंस्कारलाई मान्नै पर्छ भन्ने छैन ।

## आमा बुबाको गुण बुझ्ने छोरा

● यदि कसैको आमाबावु अशिक्षित, संकीर्ण छन् अर्थात् दृष्टि ठीक छैन भने उनीहरुलाई शिक्षित बनाई दिने र दृष्टि सोझो पारिदिने काम गर्नु पर्छ ।

● यदि कसैको आमाबावुका चरित्र राम्रो छैन, दुराचारी छन् भने उनीहरुको आचरण राम्रो हुने मार्ग देखाइदिनुपर्छ ।

Downloaded from http://dhamma.digital

● कुनै कुनै मातापिता कन्जुस छन् भने त्याग, चेतना जगाइदिने र अरुलाई सहयोग गर्न भावना जगाउने प्रयत्न गर्नुपर्छ।

● मुर्खता र अज्ञानतामा फसेका छन् र केही ज्ञान छैन भनेर गुनासो गर्ने आमाबाबुलाई ज्ञान दिलाइदिनुपर्छ।

यति गर्न सके मात्र आमाबाबुले गर्नुभएको उपकारको ऋणबाट मुक्त हुन सकिन्छ। यसबाट के कुरा स्पष्ट हुन्छ भने आमाबाबुलाई राम्रोसंग हेरविचार गर्नु पर्छ। तर उनीहरुको जम्मै कुरा स्वीकार गर्नु पर्छ र संधै आज्ञाकारी बन्नुपर्छ भन्ने छैन। किनभने कुनै कुनै आमाबाबु अशिक्षित र पुरानो विचारधारमा विश्वास गर्ने भएकोले आजको युगसंग उनीहरुको विचार मिल्दैन। जे होस् आमाबाबुको गुण धेरै छन्। तसर्थ यथाशक्ति हामीले आमाबाबुको सेवा गर्नु परम धर्म हो। अब यहां एउटा बुद्धकालीन घटना प्रस्तुत गर्नु सान्दर्भिक होला।

एकजना किसान थियो। घरमा आमा, बाबु र ऊ मात्र थिए। छोराले खेतीको काम र घरको काम पनि गर्नु पर्दथ्यो। ऊ मेहनतपूर्वक जीविका चलाउंथ्यो

Downloaded from http://dhamma.digital

आमाबाबु दुवैलाई छोराले कष्टपूर्वक काम गरिरहेको देखेर माया लाग्यो। उनीहरुले सोचे ऊ एक्लैले जम्मै काम गरिरहेको छ। जवान पनि भयो। उसको विवाह गरिदिए अलि बोझ्ह हलुंगो हुन्छ कि ? आधा काम त बुहारीले गरिदिन्छ। यस्तो विचार गरी छोरासंग विवाहको कुरा गरे। छोराले भन्यो– अहिले म विवाह गर्न चाहन्न। म एक्लै सवै काम गर्न सक्छु। विवाह गरिसकेपछि झन् कलह बढ्छ। तर आमाबाबुले मानेनन्

आमाबाबुले आफूलाई मन पर्ने बुहारी खोजेर बिबाह गरिदिए। नयां कुचोले राम्रोसंग सफा हुन्छ भने जस्तै छ महिनासम्म बुहारीले राम्रो संग काम गरेर देखाइन्। उनी आफ्नै घर ठानी कर्तव्यपालन गर्दै थिइन्

त्यसपछि सासू र बुहारीको बीच झगडा शुरु हुन थाल्यो। सासू बुढी पनि भइसकेकी थिइन्। बुहारी सासू ससुराले अह्राएको भन्दा ठीक उल्टो काम गर्न लागिन्। सासूले मन तातो पानी ल्याउ भन्दा एकदम पोल्ने तातो पानी ल्याइदिन्थिन् बुहारीले। खानामा अलि नून पुगेन भन्दा एकदम नूनिलो हुनेगरी खाना पकाउंथिन् नून चर्कोछ भन्दा खल्लो हुनेगरी खाना पकाई दिन्थिन्। यसरी सासू र बुहारीविच कलह चर्कन थाल्यो।

Downloaded from http://dhamma.digital

बुहारीले आफ्नो लोग्नेलाई भनिन्– म यस घरमा शान्तिपूर्वक बस्न सक्दिन । जे काम गरे पनि जस पाउंदिन झगडा मात्र भइरहन्छ । संधै गाली मात्र गर्छन् त्यसकारण कि त अलग बस्न जाउं, कि त बुढाबुढी दुवैलाई घरबाट निकालिदिनुस् । होइन भने माइत जान्छु

श्रीमतीको कुरा सुनेर युवले भन्यो– मेरो आमाबाबु बुढाबुढी भइसके । उनीहरु काम गरेर खान सक्दैनन् । उनीहरुलाई छोडेर अलग बस्दा वा घरबाट निकालिदिंदा महापाप लाग्छ । तं तरुणी छस् । काम गर्न पनि सक्छेस् । तंलाई अरुले विवाह पनि गर्न सक्छन् । तं नै घरबाट निस्केर जा ।

श्रीमान्को यति कुरा सुनिसकेपछि बुहारीले सासूसंग झगडा गर्न छोडिन् । काम पनि राम्रोसंग गर्न थालिन् । आगो अगाडी मैन नरम भए जस्तो बुहारी नरम भइन् । त्यसबेलादेखि त्यो घरमा शान्ति छायो ।

त्यो कृषक बुद्धको उपासक थियो । समय समयमा धर्म उपदेश सुन्न जान्थ्यो । उसले बुद्धसंग आफ्नो घरमा घटेका सबै कुरा सुनायो । अनि बुद्धले तिमी सांच्चिकै बुद्धको अनुयायी उपासक रहेछौं, तिमीले खुव राम्रो काम गर्‍यो, भन्नुभयो ।

Downloaded from http://dhamma.digital

# आमा बुबाको सेवा

आमाबाबुको गुण धेरै छन् । त्यसैले हामीले आमाबाबुको सेवा गर्नुपर्छ। यो एउटा ठूलो धर्म र कर्तव्य पनि हो । कोही कोही त आमाबाबुबाट सम्पत्ति नपाएसम्म मात्र सेवा र सम्मान गर्नेहरु पनि छन् । सम्पत्ति आफ्ना हातमा परेपछि आमाबाबुहरुलाई घरबाट धपाइएको घटना बुद्धको पालामा पनि छ र यस्तो प्रवृत्ति अहिलेको समाजमा पनि विद्यमान छ। म यहां बुद्धकालीन एउटा घटना प्रस्तुत गर्दछु।

गौतम बुद्ध श्रावस्ती जेतवनमा बसिरहनुभएको बेला त्यहां एकजना लखपती धनी ब्राह्मण थिए । उनीसंग नगद आठलाख थियो । उनका चार जना छोराहरु थिए । छोराहरु बुबाको कुरा अलि नमान्ने खालका थिए उनीहरु अटेरि स्वभावका थिए । ब्राह्मणले चारै जना छोराहरुलाई विवाह गरिदिएर एक एक लाख दिएर अलग्गै राखिदिए।

यसरी उनीहरुले छुट्टाछुट्टै जीविका चलाउन थाले केही वर्षपछि ब्राह्मणको स्वास्नी दिवंगत भइन् । त्यसपछि बुढो ब्राह्मण एक्लै परे। उनीसंग चार लाख र

Downloaded from http://dhamma.digital

अरु धेरै सम्पत्ति थियो । उता छोराहरु चारै जनामा चिन्ता र पीर हुन थाल्यो । आमा बितेकोमा भन्दा बाबुले अर्को विवाह गर्छन् कि भन्ने चिन्ता हुन थाल्यो । कान्छी आमा ल्याएपछि बच्चा होला र बाबुसंग भएको सम्पत्ति जम्मै उसको हातमा पर्ला भन्ने चिन्ताले सताउन थाल्यो यसरी सोचविचार गरेर चारै जना दाजुभाई जम्मा भएर सल्लाह गरे– अब बुबा एक्लै हुनुभयो । अब हामीले यस्तो योजना बनाउनु पर्‍यो कि बुबाले कान्छी आमा ल्याउन नपाउन् साथै हामी चारैजनाले राम्रोसंग सेवा टहल गरेर विश्वासिलो बनेर सबै सम्पत्ति हातमा पार्न सकियोस् ।

यस विषयमा चारै जना दाजुभाई एक मत भए । सांच्चै नै भक्तिभाव देखाई बुबाकहां पुगे र भने– बुबा, अव हामी जस्ता जवान छोराहरु छंदा छंदै केही चिन्ता लिनु पर्दैन । हामीले चाहिने सेवा सुश्रुवा गरेर घरको सबै कामकाज गरिदिन्छौं हुन्न ?

यी कुरा सुनेर बुढो ब्राह्मण खुव खुशी भए र सोच्न थाले– बल्ल, मेरो छोराहरुले बाउको महत्व बुझ्न थाले । ब्राह्मण झन झन बुढो हुन थाल्यो । कमजोरीको पनि महसूस हुन थाल्यो । छोराहरुले तेल मालिस गरेर,

Downloaded from http://dhamma.digital

नुहाइदिएर मीठोमिठो खाना खुवाउन थाले ब्राह्मण त खुशीले गदगद भए । खुव आनन्दको अनुभव गरे ।

एक दिन छोराहरुले खुट्टा मिच्दै भन्न थाले– बुबा, हामीले चाहिने सवै गरिरहेछौं । केही पनि चिन्ता लिनु पर्दैन बुबाले यत्तिका सम्पत्तिको बोझ किन बोकिरहने ? बृद्ध अवस्थामा धेरै चिन्ता र पीर लिनु हुंदैन सम्पत्ति जम्मै हामीहरुलाई जिम्मा दिनुस् हुन्न ?

छोराहरुको सेवा भावना देखेर हर्षित ब्राह्मण सोझो मनले हुन्छ हुन्छ भनी चारै जनालाई एक एक लाख अरु सम्पत्ति बांडिदिए । ब्राह्मण पनि आनन्दसंग बसिरहे । केही महिनापछि जेठो छोराले आफ्नै घरमा लगे । एक दिन बुढो ब्राह्मण बाहिरबाट आउनासाथ जेठी बुहारीले भन्न थालिन्– बुबाले जेठो छोरालाई मात्र देख्नु हुन्छ ? अरु छोराहरु देख्न हुन्न ? इत्यादि चित्त दुख्ने गरी कडा वचन गरिन् ।

बुढो ब्राह्मण चित्त दुखाउंदै माहिलो छोराकहां बस्न गए । केही महिनापछि माहिली बुहारीको घुर्की सुन्न पर्‍यो । कमशः साहिंला छोरा र कान्छा छोराकहां बस्न गए । आखिर बुढो ब्राह्मण अनाथ भएर घरबाट निस्कन

Downloaded from http://dhamma.digital

पऱ्यो । ऊसंग केही रहेन । शरीरमा भएको एक जोर लुगा मात्र बुढाको सम्पत्ति रह्यो ।

बुढो ब्राह्मण लट्ठी टेकी मागी मागी खान खोज्न थाल्यो । उसको पाटीमा बास भयो । बुढाले कल्पना गर्न थाल्यो– चार चार छोराहरु भन्दा मलाई यो लौरो नै भरोसा भएको छ । कुलांगार छोराहरुले छकाई मेरो सारा सम्पत्ति लुटेर घरबाट धपाइदिए । मलाई उपकार गर्ने कोही रहेन । म आज भिखारी भएं । मसंग लाखौं रुपैयां छंदा सवैले सम्मान गर्दथे । यस्तै कुरा सम्भदा सम्भदै बुढाले गौतम बुद्धको सम्भना गरे उनले बुद्ध खुव करुणाबान छन् भन्ने सुनेका थिए । अनाथहरुलाई उपकार गर्नु हुन्छ भन्ने सुनेका थिए । उहांबाट केही न केही अवश्य भरोसा पाउने छु भन्ने सोचेर बुढा सरासर गौतम बुद्ध कहां गयो । बुद्धले बुढालाई देखेर सोध्नुभयो– तपाई किन यस्तो भूत्रो लुगा लगाई दु:खी जस्तो भएर यहां आउनुभएको ?

त्यस भिखारी ब्राह्मणले भन्यो– भन्ते मेरो चारजना छोराहरु छन् । तिनीहरुले मलाई हेरविचार गरेनन् । मेरो सम्पत्ति सवै उनीहरुले ठगेर लिए । बुहारीहरुले पनि मलाई घरबाट निकालि दिए । मेरो लागि

Downloaded from http://dhamma.digital

जाने ठाउं कहिं पनि भएन । त्यसैले मेरो यस्तो दुर्गती भयो । म हजुरको दर्शन गर्नको लागि आएको छु

तथागतले भन्नुभयो– ए ब्राह्मण आज शहरमा एक ठूलो जन न्यायालय सभा हुंदैछ । त्यस सभामा तिम्रो छोराहरु पनि सहभागि हुने छन् । तिनीहरु पनि सदस्यहरु हुन् । त्यहां सबैले आ–आफ्ना मनका दु:खहरु पोख्न पाउंछन् । तपाईले पनि आफूलाई आइपरेका दु:ख का कुराहरु सबै पोख्नुस् । छोराहरुभन्दा मलाई यो मेरो हातले समाति राखेको लौरो नै मेरो लागि कामलाग्दो भरोसा हुन पुगेको छ भनेर भनि दिनुस् ।

त्यसबेलाको नियमानुसार यदि कसैले आफ्ना आमाबाबुको सम्पत्तिले मोज गर्दै, आमा बाबुलाई पालन पोषण नगरी निकालेर पठाएको खण्डमा त्यस्ता सन्तानहरुलाई मृत्युदण्ड नै दिइने चलन थियो ।

त्यस ब्राह्मण बुद्धको मन्त्रलाई मनन गर्दै सरासर जन न्यायालय सभामा उपस्थित हुन पुग्यो । मंच माथि पुगी लौरोको सहारा लिई उभिएर त्यस बुढोले भन्न थाल्यो– उपस्थित सज्जनबृन्द । मेरो केही दु:खका कुराहरु पोख्न लागेको छु, कृपया तपाईहरुले ध्यानपूर्वक सुनि दिनुहोस्

Downloaded from http://dhamma.digital

मेरो चारजना छोराहरु छन् । तिनीहरुले मेरो धनहरु सबै लुटेर लिए । त्यतिमात्र होइन तिनीहरुले मलाई घरबाट निकाली अनाथ पारिदिए ।

बुढोको मुखबाट यति कुरा मात्र के सुनेका थिए, त्यहां उपस्थित भएका सबै सहभागीहरु उत्तेजित भई यसरी कराउन थाले आफ्नै बुबालाई घरबाट निकालेर पठाउन सक्ने तिनीहरु को होला ? तिनीहरुलाई त मार्नै पर्छ ।

यस्तो कुरा सुनेपछि त्यस ब्राह्मणका चारवटै छोराहरु त्यहां आई उनीहरुको बुवाको पाऊ समाती क्षमा याचना गर्न थाले । आइन्दा यस्तो अपराध उनीहरुको तर्फबाट हुने छैन भनी बुढो बुबालाई आदर पूर्वक घरमा लगे । त्यस दिन देखि उनीहरुको जीवन सुखमय हुन थाले छोराहरुले उनीहरुका आ–आफ्ना श्रीमतीहरुलाई यसरी धम्की दिंदै भन्न थाले– हाम्रो बुबालाई तिमीहरुले केही नराम्रो व्यवहार गरेमा तिमीहरुलाई नै घरबाट निकालि दिने छौं ।

त्यस ब्राह्मणले बुद्धको यस उपकार गुणलाई स्मरण गर्दै सपरिवार बुद्ध समक्ष गई दान दिए । बुढाले

Downloaded from http://dhamma.digital

उसका छोराहरुको परिचय दिंदै भने – भन्ते । हजुरको कृपाले गर्दा मेरो जीवन सुखमय भएको छ । हामी सवै हजुरको शरणमा आइपुगेका छौं । बुद्धले तिनीहरुलाई चारवटा सत्य (चतुआर्य सत्य) को विषयमा व्याख्या गर्नु भयो । दु:ख, दु:खको कारण तृष्णा, दु:खको अन्त्य र दु:ख अन्त्य गर्नकोलागि चाहिने आठवटा मार्गहरु (आर्य अष्टाङ्गिकमार्ग) आदि । यी उपदेशहरु सुनेपछि ब्राह्मण प्रमुख उसका छोराहरु समेत स्रोतापन्न भए ।

स्रोतापन्न भएका व्यक्तिहरुसंग यी ३ प्रकारका अकुशल कुशंस्कारहरु हुंदैन –

१. सक्कायदिठ्ठि (म र मेरो भन्दै आशक्त भएर टांसिएर बस्ने बानी ।

२. विचिकिच्छा (नचाहिंदो व्यर्थको शंका, उपसंका) ।

३. सिलब्बत परामाश (धन्धविश्वास) आदि ।

Downloaded from http://dhamma.digital

# आमाको माया

बुद्धकालीन घटना हो । एउटा शहरमा आमा र छोरा थिए । उनीहरु कृषि व्यवसाय गर्थे आमा र छोराबीच खूब मायाममता थियो । आमाचाहिं बुढी हुंदै गइन् । आमाले विचार गरिन्– मेरो छोरो तरुण भइसक्यो ऊ एक्लैले सबै काम गर्नु परेको छ । म पनि धेरै दिन बांच्दिन । अहिले नै छोराको विवाह गरिदिन सके आनन्द हुन्छ । नातिको मुख हेरेर मर्न पाए झन राम्रो हुन्छ ।

यस्तो विचार गरी बढीआमाले छोरालाई भनिन्– अव तिम्रो विवाह गर्नुपर्छ । विवाह भइसकेपछि साथी हुन्छ । काम गर्न सजिलो हुन्छ । छोराले भन्यो– अहिले विवाह गर्ने इच्छा छैन । पछि मात्र विवाह गरुंला । आमाले छोराको कुरा मानिनन् ।

आमाले छोराको इच्छाविना नै विवाह गरिदिइन् पहिलेको कथामा जस्तै उनीहरु पांच छ महिना मिलेर बसे । पछि सासू र बुहारीबीच कलह शुरु भयो । दिनका दिन कचकच हुन थाल्यो । बुहारीले आफ्नो लाग्नेलाई राम्रोसंग आफ्नो बसमा लिइन् । त्यसपछि छोरा र बुहारीले आमालाई घरबाट घपाइदिए । त्यसपछि बुहारीले

Downloaded from http://dhamma.digital

भनिन्– अहिले कस्तो आनन्द । बुढी घरमा रहुन्जेल कति पनि सुख थिएन । बुढी घरबाट बाहिर गइसकेपछि खूव आनन्द भएको छ । बुढीको छोराले पनि श्रीमतीको कुरामा साथ दियो ।

यो कुरा बुढीको कानमा पऱ्यो । मतलव कसैले सुनाइदियो । बुढी भीख माग्दै खाइरहेकी थिइन् । छोरा र बुहारीहरुको कुरा सुनेर बहुला जस्तो कराउन थालिन्– संसारमा धर्म र न्याय रहेन । आमालाई घरबाट धपाएर छोरा र बुहारी दुवै जनालाई आनन्द भयो रे । अव धर्म मऱ्यो । धर्मको श्राद्ध गर्न पऱ्यो । धर्म मऱ्यो । न्याय पनि मरिसक्यो । यसरी पागल जस्तै बक्बकाउँदै बाटोमा हिंड्दै थिइन् । त्यसबेला एकजना मान्छे पछि पछि आइरहेको थियो । उसले सोध्यो बज्यै किन यसरी कराउंदै हिंडेको ? के भो ?

बुढीले भनिन्– हेर्नुस् न, आमालाई घरबाट धपाएर छोरा र बुहारीहरुलाई सुख भयो रे, आनन्द भयो रे । अब धर्म मऱ्यो, न्याय रहेन त्यसैले धर्मको श्राद्ध गर्न जान लागेको ।

अनि त्यो मान्छेले भन्यो– त्यसो भए बज्यैको पापी छोरालाई म मारिदिन्छु है ? बुढी एकछिन टोलाएर

Downloaded from http://dhamma.digital

बसिन् । उनमा छोराप्रति माया लागेर आयो र भनिन् मेरो छोरालाई नमार्नुस् ।

अनि त्या मान्छेले भन्यो– भर्खर धर्म मऱ्यो भनेको होइन ? त्यस्तो दुष्ट छोराप्रति कसरी माया लागेको ? बज्यै धर्म मरेको छैन । धर्म रहेकोले नै बज्यैलाई छोराप्रति माया लागेको हो । सत्य लोप भएको छैन । न्याय पनि बांकी छ ।

यता घरमा बसेका छोराको तर्फबाट पनि छोराको जन्म भयो । छोरा जन्मिनासाथ छोराप्रति खुब ममता जागेर आयो । अनि उसले मनमनै बिचार गऱ्यो म जन्मेको बेलामा पनि मेरो आमालाई यस्तै आनन्द भएको थियो होला । धिक्कार मैले स्वास्नीको कुरा सुनी बुढी भएकी आमालाई घरबाट धपाइदिएं । मबाट धेरै नराम्रो पाप भयो भन्दै पश्चाताप मानेर आमालाई खोज्न गयो । ऊ आमाकहां पुगेर आमाको गोडा ढोगी क्षमा माग्न थाल्यो । र भन्यो – आमा, घर जाउं । आइन्दा यस्तो नीच काम मबाट हुनेछैन । आमालाई केही पनि दुःख हुने छैन । त्यो दिनदेखि उनीहरु सुख र शान्तिपूर्वक बस्न थाले ।

आमाबाबुको गुण सम्भनु एउटा सत्पुरुष धर्म हो गौतम बुद्धले आमाको महत्वबारे बारम्वार भन्नु भएको छ

Downloaded from http://dhamma.digital

घरको साथी को हुन् भन्ने प्रश्नको उत्तर दिनु हुंदै भन्नु भएको छ– मातामित्तं सके घरे अर्थात् घरमा सांच्चैको मित्र आमा हुन् ।

आमाको माया र ममता कतिसम्म बलियो छ भने उनी रातो रगतलाई सेतो पारी रसयुक्त दूध पिलाउंछिन् । आमा आफ्ना बच्चाहरुको लागि जुनसुकै दु:ख, कष्ट भोग्न तयार हुन्छिन् बच्चाले जति लात्तीले हाने पनि सहेर बस्छिन् । रीस देखाउंदिनन् ।

आमाको बच्चाप्रति कतिसम्म माया र प्रेम छ भन्ने बुझ्नको लागि अरहन्त (निर्दोष) भिक्षु सिवलीको आमा सुप्पवासा उपासिकाको घटना प्रस्तुत गर्छु ।

सिवली आमाको गर्भमा भएको बेला सुप्पवासाले धेरै दुख भोग्नु परेको थियो । प्रसुति बेथाले मरणान्त दु:ख भयो । जव सिवली जन्म्यो प्रसूति वेदनाको अन्त भयो । त्यही उपलक्ष्यमा बुद्धसहित भिक्षु संघलाई भोजन दान दिइयो ।

बुद्धले सोध्नुभयो– सुप्पवासा, धेरै कष्ट भोगेर बच्चा जन्मायौ । यस्ता बच्चाहरु अरु पनि जन्माउन चाहन्छौं ? सुप्पवासाले भनिन्– जति दु:ख भोग्नु परे पनि

Downloaded from http://dhamma.digital

एउटा मात्र होइन, यस्ता वच्चा सात जना जन्माउने इच्छा छ। उनको कुरा सुनेर बुद्ध हांस्नुभयो।

आमाको माया र ममता यसैबाट बुझ्न सकिन्छ बुबाको प्रेम र माया पनि त्यतिकै नै छ। भनिन्छ बच्चाप्रति आमाको मायाममता जति छ त्यति बाबुको हुंदैन रे। तर बुबा नभइकन आमाको छोराछोरी पाउन सक्दिनन्। बच्चाको माया गर्न पाउंदैनन्। त्यसैले बुद्धले भन्नुभएको थियो– मातापितु उपट्ठानं, संपुरिसपञत्तं, पण्डित अर्थात् आमा बुबाको सेवा गर्नु सत्पुरुष र पण्डितहरुले बनाएको नियम हो।

बुद्ध धर्ममा महिलालाई कतिसम्म सम्मान गरिएको छ भने पालीभाषामा नारीलाई मातुग्राम शब्द प्रयोग गरेको छ। अर्थात् आमाको गाउं भिनएको छ। यो आमालाई उच्च स्थान र पदवी दिइएको हो।

छोराछोरीहरुलाई आमाबाबुले जस्तो उपकार गर्ने अरु कोहि छैन भन्नुमा अत्युक्ति नहोला। त्यसैले छोराछोरी आमाबावुहरुको ऋणी छन्। यो ऋणबाट मुक्त हुन सजिलो छैन।

Downloaded from http://dhamma.digital

# आमा बाबुको सेवक भिक्षु

आमाबाबुको गुण अनन्त भएकोले भिक्षु भएर पनि सेवा गर्न हुन्छ । उदाहरणार्थ बुद्धकालीन एउटा घटना यहां प्रस्तुत गर्छु ।

एक जना साहुको एकलो छोरा थियो । एक दिन ऊ भगवान बुद्धकहां कथा सुन्न गएको रहेछ । कथा सुनिसकेपछि उसमा वैराग्य उत्पन्न भयो र घरमा बस्न मन नलाग्ने भयो । यस्तै समय समयमा अरु उपासक उपासिकाहरु पनि बुद्धकहां जाने गर्दथे । त्यसै कममा साहुको छोराले गौतम बुद्धकहां गएर प्रार्थना गर्दै भन्यो– मलाई घरमा बस्न मन छैन । मलाई भिक्षु बनाइदिनुस्

बुद्धले सोध्नुभयो– तिम्रो घरमा आमाबाबु को छन् ?

–उसको उत्तर थियो– घरमा आमाबाबु छन् ।

त्यसो भए आमाबाबुको अनुमति लिएर आउ भनी बुद्धले भन्नुभयो । बुद्धको कुरा सुनी ऊ सरासर घरमा गयो र भिक्षु बन्नको लागि अनुमति माग्यो ।

Downloaded from http://dhamma.digital

उसका आमाबाबुले भिक्षु बन्न अनुमति दिएनन् एकलो छोरा कसरी त्यागने । त्यसपछि उसले त आत्महत्या गरेर मर्छु भनी धम्की दियो । आमाबाबुले सोचे– भिक्षु बन्न गएको खण्डमा समय समयमा छोराको मुख हेर्न त पाईन्छ। यस्तो सोची इच्छा नहुंदा नहुंदै पनि छोरालाई भिक्षु बन्न अनुमति दिए । त्यो युवक भिक्षु बन्यो, तर विहारमा पनि महिलाहरुको जमघट देखेर उसलाई शान्ति मिलेन । जंगलमा गएर बस्ने इच्छा भयो र गयो पनि ।

यता उसका आमाबाबु बुढा भए । अरु सन्तान थिएनन् । घरमा काम गर्ने कर्मचारीहरुले ठग्न शुरु गरे । सम्पत्तिको हिनामिना हुन थाल्यो । बुढाबुढीले काम गर्न पनि सकेनन् । कमशः उनीहरु भिखारी बन्न पुगे ।

उता छोरा भिक्षु बनेर जंगलमा बस्न गएको १२ वर्ष भयो । तर उसले केही अध्यात्मिक उन्नति गर्न सकेन केही ज्ञान हासिल गर्न सकेन । उसको मन चंचल भइरयो । उसले विचार गर्न थाल्यो– आमाबाबुलाई रुवाएर आएं । यहां आएर केही फाइदा भएन । मनलाई पनि बशमा राख्न सकिएन ।

Downloaded from http://dhamma.digital

त्यसैबेला उसको गाउंका एकजना भिक्षु पुग्यो । भिक्षुलाई उसले सोध्यो – फलाना साहुको के खवर छ । भिक्षुले भन्यो– उनीहरुको बेहाल छ । भीख मागेर कष्टपूर्ण जीविका भइरहेका छन् । त्यति कुरा सुन्नासाथै उसको आंखाबाट आंशु झर्न शुरु भयो । त्यो भिक्षु तुरुन्तै जंगल छाडेर घरतिर जान थाल्यो । उसलाई भिक्षु जीवन मन परेन । मातापिताको सेवा गर्ने विचारले घरतिर गयो उसको धर श्रावस्तीमा रहेछ । त्यहांको दोबाटोमा पुग्नासाथ उसलाई बुद्धसंग भेटेर जाउं कि सोझै आमाबाबुकोमा जाउं भन्ने दोमन भयो । उसले निश्चिय गऱ्यो – पहिले बुद्धकहां जानु राम्रो हुनेछ । उसलाई बुद्धले उपदेश दिंदै भन्नु भयो– पहेंलो बस्त्र लगाई भिक्षु भएर पनि आमाबाबुको पालनपोषण गर्नु हुन्छ ।

बुद्धबाट यसरी उपदेश सुनेर उसको मन अति हर्षित भयो । त्यहांबाट ऊ सरासर आमाबाबु खोज्न गयो ऊ एउटा घरको दैलो अगाडी माग्दै रहेको ठाउंमा पुग्यो र चुपचाप उभिरह्यो । १२ वर्षपछि भेटेकोले आमाबाबुले आफ्नो छोरालाई चिन्न सकेनन् । तै पनि बुबा चाहिं धेरै बेर टोलाएर हेर्दै थिए । आफ्नो छोरा जस्तो लागेर बुढीलाई भने– त्यो भिक्षु हाम्रो छोरा जस्तो छ । राम्रोसंग हेर त ।

Downloaded from http://dhamma.digital

आमाले राम्रोसंग हेरेर भनिन्– हाम्रो छोरा हो । मेरो छोरा । मेरो छोरा ॥ भनी आंखाबाट आंशु झार्दै रुन थालिन् । यता भिक्षु पनि रुन थाले । एकछिनपछि भिक्षु बोल्न थाले र भने– अब चिन्ता लिनुपर्दैन । म पालनपोषण गर्छु । जाउं बिहारतिर भनी विहारमा लिएर गए ।

भिक्षुले दिनका दिन भिक्षाटन गरेर आमाबाबुलाई खुवाएर बचेको मात्र आफूले खाएर जीविका चलाउन थाले । पेटभरी खान नपाएकोले भिक्षु दुव्लाउन थाले । आफूलाई दानमा प्राप्त हुने कपडा पनि आमाबाबुलाई सिलाएर दिए । यसरी दु:खकष्ट गरी आफ्नो मातापिताको पालनपोषण गरिरहेको देखेर अरु भिक्षुहरुले भन्न थाले– ए साथी, तिमी भिक्षु भएर अरुले दान दिएको लिएर गृहस्थीहरुलाई खुवाउनु हुन्छ ? तिमीले गर्नु नहुने पाप कर्म गरिरहे छौ । यस्तो कुरा सुनेर भिक्षुको मनमा धेरै तर्कना हुन थाल्यो, अशान्ति भयो । उसले निर्णय गर्न सकेन, के गरुं के गरुं भइरह्यो ।

हुन त बुद्धको सल्लाहअनुसार नै पहेंलो वस्त्र नछोडिकन आमाबाबुको सेवा गरिरहेको थियो । तै पनि स्वतन्त्र चिन्तनको कमीले गर्दा उसलाई अप्ठेरो महसूस भयो । भिक्षुहरुले त्यो भिक्षुको बारेमा बुद्धकहां गएर

Downloaded from http://dhamma.digital

शिकायत गरे । उनीहरुले भने– फलाना भिक्षुले त दानमा प्राप्त भएको खाना र बस्तु गृहस्थीहरुलाई दिने गर्दछ ।

गौतम बुद्धले जानेर पनि त्यो भिक्षुलाई बोलाउन पठाउनु भयो । अनि सवैको अगाडि उहांले सोध्नुभयो– ए भिक्षु, तिमीले आफूलाई दानमा प्राप्त खाना र बस्तु गृहस्थीहरुलाई दिने गर्छौ रे हो ?

भिक्षुको उत्तर थियो– हो भन्ते, ती मेरो आफ्नै आमाबाबु हुन् । उनीहरु बेसहारा छन् । कमाउन नसक्ने भएका छन् । म भिक्षु वन्न गएकोले आमाबाबुले दुःख भोग्नु परेको छ । तपाईबाट सुनेको थिएं– भिक्षु भएर पनि आमाबाबुको पालनापोषण गर्न सकिन्छ । त्यसैले मैले भिक्षाबाट प्राप्त भएको खाना खुवाएर आमाबाबुको पालन गर्दैछु ।

त्यसपछि बुद्धले भन्नुभयो– साधु (राम्रो छ) तिमी सांच्चैको भिक्षु रहेछौ । तिमीले मेरो धर्मलाई बुझीकन श्रमण धर्म पालन गर्दैछौं । धेरै राम्रो भयो । तिमीले केही पीर लिनु पर्दैन । तिमीलाई पाप लाग्दैन, बरु धर्म नै हुन्छ

Downloaded from http://dhamma.digital

अरुले पनि त्यस्तै गर्नु राम्रो हुन्छ । यो कथाले आमाबाबुको गुण अनन्त छ र भिक्षु भएर पनि आमाबाबुको सेवा र पालनपोषण गर्न हुन्छ भन्ने सन्देश मिल्छ ।

# बुबालाई शिक्षा दिने सुपुत्र

परापूर्व कालमा वसिट्ठक नामको एक पितृभक्त युवक थियो । उसकी आमा दिवंगत भइसकेकी थिइन् र बुबा बुढो भइसकेको थियो । घरमा बुढाको सेवा गर्ने अरु कोही थिएन । त्यसैले बसिट्ठक नै दिनका दिन तनमन लगाएर पिताको सेवामा संलग्न थियो । ऊ घरको काम सिध्याएर बाहिर पैसा कमाउन पनि जान्थ्यो

एक दिन बुढो बाबुले भन्यो– छोरा, यसरी कति दिन चलाउने ? पैसा कमाउनु र घरको काम पनि गर्नु सजिलो छैन । म तिम्रो विवाह गरिदिन्छु अनि घरको कामबाट फुर्सद पाउने छौं । त्यसपछि हामीलाई आराम हुनेछ । बसिट्ठकले भन्या– बुबा, म एक्लै तपाईको सेवा गरुंला अरु कोही चाहिंदैन ।

छोराको इच्छा विना नै बुढाले छोराको विवाह गरिदियो । वसिट्ठकले पिताको सेवा राम्रोसंग गर्नुपर्छ भनेर

Downloaded from http://dhamma.digital

स्वस्नीलाई सम्झायो । केही महिनासम्म बुहारीले ससुराको सेवा गर्दै थिइन् । पछि विस्तारै व्यवहार फरक हुन थाल्यो । उनको पतिले कमाएर ल्याएको पैसा जम्मै बुढालाई दिने गर्थ्यो । त्यसैले बूढो र छोरा बीच केही मनमुटाव गराउनु पर्‍यो भनेर बुहारीले व्यवहारमा फरक गर्न शुरु गरिन् । जानी जानी खाना पकाउंदाखेरि कहिले नून बढी हाल्ने तर कहिले कम गर्न थालिन् । रोटी पनि कहिले आधा पाकेको र कहिले डढेको रोटी दिन थालिन् । बुढो ससुराले केही भन्न खोज्यो भने झगडा पनि गर्थिन् । तयसपछि उनले लोग्नेलाई भन्न थालिन्– बूढोले मलाई दासी सरह व्यवहार गर्न थाले । जतातत‍ै थुक्ने गर्छन्, ईत्यादि कुरा सुनाइन् । बसिट्ठकलाई दिक्क भयो । मेरा इच्छा विपरित विवाह गरिदिए अहिले बुढो बुहारीवीच कचकच हुन थाल्यो । बसिट्ठकले स्वास्नीलाई भन्यो– अब तिमी नै भन के गरुं तिमी जे भन्छौं त्यस्तै गरुंला ।

स्वास्नीले भनिन्– बूढो बिरामी हुन थाल्यो । संधै झगडा हुने गर्छ चित्त बुझाउन गाहारो छ । पैसा सापटी लिएका ऋणीहरुसंग पैसा उठाउनु छ भनेर बूढोलाई बैलगाडीमा राखी लैजानुस् । जंगलमा फालेर आउनुस् ।

बसिट्ठक स्वास्नीको सुझावअनुसार गर्न तयार भयो । उसको सात वर्षको बच्चाले दुवै आमाबाबुको कुरा

Downloaded from http://dhamma.digital

सुनिराखेको थियो । भोलिपल्ट बुढोलाई बैलगाडीमा राखी लिएर गयो । त्यस बच्चा पनि चुपचाप बुढोको खातमा सुत्न गयो ।

बसिठ्ठकले रातिनै गाडिमा कोदालो राखी बुढोसाथ गाडीमा बस्यो । जव गाडी श्मशानमा पुग्यो र बुढोलाई त्यहीं छोडी कोदालो लिएर अलि पर गएर एकान्तमा खाल्डो खन्न थाल्यो ।

बच्चा एकछिनपछि गाडीबाट ओर्लेर बुबाकहां गएर सोध्यो– बुबा, यहां आलु, तरुल आदि केही छैन किन जमिन खनिरहेको ?

वसिठ्ठकले आफ्नो छोरा नाबालक सम्भेर लापरवाहीसंग भन्यो– छोरा तिम्रो बाजे बूढो भएर विरामी भएकोले धेरै कष्ट भोगिरेहका छन् । उहांलाई त मर्नु नै जाति छ । त्यसैले मैले जमिनमा गाड्नलाई खाल्डो खन्न लागेको ।

बच्चाले भन्यो– बुबा, यो त धेरै नराम्रो काम भयो । आफ्नो बुबालाई जिउंदै गाड्नु ठूलो पाप हो ।

Downloaded from http://dhamma.digital

वसिठ्ठकको बुद्धि भ्रष्ट भइसकेको थियो । उसले बच्चाको कुरातिर ध्यान दिएन । एकछिन थकाई मार्न भुईमा सुत्यो अनि बच्चाले उसको कोदालो लिएर अति पर खाल्डो खन्न थाल्यो ।

बसिठ्ठकले बच्चासंग सोध्यो– छोरा, तिमी व्यर्थको काम गर्दैछौ ? बच्चाले भन्यो– बुबा, तपाई बाजे जस्तै बूढो भएपछि यहिं जमिनमा गाडिदिन्छु । यो खाल्डो तपाईको लागि अहिलेदेखिनै खनिराखेको । बुबाको अनुकरण गर्नु छोराको धर्म हो । तपाईले शुरु गर्नु भएको प्रथालाई म निरन्तरता दिन चाहन्छु ।

छोराको कुरा सुनेर बसिठ्ठकलाई होश आयो । उसले सोच्यो सांच्चै नै मैले आफ्नो पितालाई जस्तो कुकर्म गर्न खोजे, मलाई पनि त्यस्तै हुनेछ । मैले स्वास्नीको सल्लाह अनुसार ठूलो पाप कर्म गर्न लागेको रहेछु । मेरो छोराले मलाई ठूलो पाप कर्म गर्नबाट बचाइदियो । त्यसपछि बुढालाई घरमा लगेर राम्रोसंग सेवा गरी पालनपोषण गरेर शान्तपूर्वक बस्न थाले ।

आफ्नो बुबालाई शिक्षा दिने बच्चा बोधिसत्व रहेछ । यो जातक कथाको आधारमा लेखिएको हो ।

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## नेपाली भाषा

१) बौद्ध दर्शन
२) पञ्चशील
३) शान्ति
४) नारी हृदय
५) पटाचार स्थविर चरित
६) बुद्ध शासनको इतिहास (भाग १०)
७) नेपाली ज्ञानमाला
८) बुद्ध र वहाँको विचार
९) बौद्ध ध्यान
१०) लक्ष्मी (प्र.सं.)
११) उखानको कथा संग्रह
१२) बौद्ध जगतमा स्वास्थ्य सेवा
१३) वेस्सन्तर जातक
१४) सतिपट्ठान भावना
१५) बौद्ध विश्वास (भाग-१)
१६) बौद्ध विश्वास (भाग-२)
१७) बौद्ध दर्पण
१८) महासतिपट्ठान विपस्सना अन्तर्मूखी ध्यान
१९) सप्त रत्न धन
२०) सफलताको रहस्य
२१) धर्म : एक चिन्तन
२२) मानव महामानव
२३) निरोगी
२४) जातक कथा
२५) प्रज्ञा चक्षु
२६) तथागत हृदय
२७) सतिपट्ठान विपस्सना
२८) बौद्ध प्रश्नोत्तर
२९) परित्राण (प्र.सं.)
३०) बुद्ध पूजा विधि र कथा संग्रह (प्र.सं.)
३१) मैले बुझेको बुद्ध धर्म
३२) बुद्धको जीवनी र दर्शन
३३) आमा बाबु र छोराछोरी
३४) स्नेही छोरी
३५) परित्तसुत्त (पालि भाषा)
३६) मति राम्रो भए गति राम्रो हुनेछ
३७) बुद्ध र बुद्ध पछि
३८) "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूमि नेपालमा बुद्ध प्रति असहिष्णुता
३९) अ. धम्मवती
४०) बौद्ध ज्ञान
४१) संक्षिप्त बुद्ध जीवनी
४२) मिलिन्द प्रश्न (भाग-१)
४३) मिलिन्द प्रश्न (भाग-२)
४४) श्रमण नारद
४५) मानव स्वभाव
४६) बुद्ध पूजा विधि र कथा संग्रह (द्वि.सं.)
४७) बौद्ध विश्वास (भाग–३)
४८) बुद्धको अन्तिम यात्रा (प्रथम भाग)
४९) लक्ष्मी (द्वि.सं.)
५०) सम्यक शिक्षा
५१) परित्राण (द्वि.सं.)
५२) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५३) बुद्ध पूजा विधि, कथा संग्रह र परित्राण
५४) बुद्ध पूजा विधि र परित्राण
५५) बुद्ध पूजा विधि
५६) लक्ष्मी (तृ.सं.)
५७) बुद्धको शिक्षात्मक उपदेश

## Dharmakirti Publication (English)

1. Buddhist Economic and The Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. "Dharmakirti in Nut Shell"

Downloaded from http://dhamma.digital